दोस्रो गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठक (वि.सं. २०८३/०३/२९ गते सोमवार)

**दोस्रो गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश भएका प्रस्ताव/कार्यसूचीहरू :**

१. आगामी आ.व. २०८३/८४ को लागि संशोधित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत

२. मानेभन्ज्याङ गाउँपालिकाको विनियोजन विधेयक, २०८३ प्रस्तुत

३. स्थानीय सिँचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ प्रस्तुत

४. आ.व. २०८२/८३ को न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत

५. आ.व. २०८२/८३ को अर्थ तथा सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत

६. शून्य समय

७. आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र संशोधित बजेट तथा कार्यक्रम पारितका लागि आह्वान

८. गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) प्रतिवेदन सम्बन्धमा

९. बेरुजु फछ्र्यौट सम्बन्धी निर्णयहरू प्रस्तुत

१०. केही विशेष निर्णयहरू प्रस्तुत

११. अधिवेशन समापन

मानेभन्ज्याङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सुरेन्द्र रस्दाली
अध्यक्ष

दोस्रो गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठक (वि.सं. २०८३/०३/२९ गते सोमवार)

**निर्णयहरू :**

१. उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री आश्राचन राईज्यूद्वारा आगामी आ.व.२०८३/८४ को लागि संशोधित वार्षिक बजेट तथा कार्यक्रम सभासमक्ष प्रस्तुत गरियो।

२. आर्थिक विकास समितिका संयोजक श्री राम कुमार राईज्यूद्वारा **मानेभन्ज्याङ गाउँपालिकाको विनियोजन (आ.व. २०८३/८४ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्न अधिकार दिने र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको) विधेयक, २०८३** सभासमक्ष प्रस्तुत गरी सर्वसम्मत पारित गरियो।

३. विधायन समितिका संयोजक श्री राममणि राईज्यूद्वारा **मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय सिंचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३** सभासमक्ष प्रस्तुत गरी सर्वसम्मत पारित गरियो।

४. आ.व. २०८२/८३ को न्यायिक समितिको वार्षिक प्रतिवेदन संयोजकका तर्फबाट सदस्य श्री विमला के.सी.द्वारा सभासमक्ष प्रस्तुत गरियो।

५. मानेभन्ज्याङ गाउँपालिकाको गाउँसभा अन्तर्गत रहेको ***कोशी प्रदेशको गाउँ सभा र नगर सभा कार्यविधि ऐन, २०७५*** को दफा ३६ बमोजिमको अर्थ तथा सार्वजनिक लेखा समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन संयोजकका तर्फबाट सदस्य श्री दीपकराज पोखरेलद्वारा सभासमक्ष प्रस्तुत गरियो।

६. सभाध्यक्ष श्री ज्ञानेन्द्र रुम्दालीज्यूद्वारा आगामी आ.व. २०८३/८४ नीति तथा कार्यक्रम र संशोधित वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल एवम् शून्य समय सुरु भएको घोषणा गर्नुभयो। सो छलफल एवम् शून्य समयमा सभा सदस्यहरूले आफ्नो धारणा राख्नुका साथै सभाध्यक्षद्वारा सदस्यहरूद्वारा राखिएका धारणा एवम् उठाइएका सवालमाथि जवाफ दिनुभयो।

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

दोस्रो गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठक (वि.सं. २०८३/०३/२९ गते सोमवार)

७. सभाध्यक्ष श्री ज्ञानेन्द्र रुम्दालीज्यूद्वारा आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र संशोधित बजेट तथा कार्यक्रम पारितका लागि सभासमक्ष गर्नुभएको आह्वान सभाद्वारा ध्वनि मतका साथ सर्वसम्मत पारित गरियो।

८. यस गाउँपालिकाको विद्यमान संगठन संरचना पुनरावलोकन गर्न कोशी प्रदेशको स्थानीय सरकारी सेवा ऐन, २०८० को दफा ६ को उपदफा १ बमोजिम गठित प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वको सिफारिस समितिको प्रतिवेदन कार्यपालिकाले स्वीकृत गरी अनुमोदनका लागि सभासमक्ष पेश गरिएकोमा सोही ऐनको दफा ६ को उपदफा ३ बमोजिम सभाद्वारा सर्वसम्मत पारित गरियो।

९. महालेखा परीक्षकको कार्यालयको आ.व. २०८१/८२ को यस गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदनका देहायका दफाहरू सम्परीक्षणका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**देहाय :**

**(क) दफा ३२ मा उल्लेख गरिएको मोबाइल खर्च सम्बन्धमा:** मोबाइलहरू कार्यालयको प्रयोजनका लागि प्रचलित कानूनको पालना गरी कार्यालयको निर्णय बमोजिम खरिद गरिएको, उक्त सामग्री कार्यालयमा दाखिला गरिएको, उक्त सामानहरूको खरिद मूल्य प्रचलित बजार मूल्यभन्दा बढी नभएकाले सरकारी हानी नोक्सानी नभएको र सामानहरू चालु अवस्थामा समेत रहेको हुँदा उक्त बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि पेश गर्ने निर्णय गरियो।

**(ख) दफा ३६ मा उल्लेख गरिएको स्थानीय भत्ता सम्बन्धमा:** गाउँपालिकाका कर्मचारीलाई नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र बमोजिम नै उक्त भत्ता उपलब्ध गराइएकाले उक्त रकमको बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि पेश गर्ने निर्णय गरियो।

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माङसेबुङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

CamScanner

दोस्रो गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठक (वि.सं. २०८३/०३/२९ गते सोमवार)

(ग) **दफा ४७ मा उल्लेख गरिएको न्यायिक समितिको बैठक भत्ता सम्बन्धमा :** मानेभन्ज्याङ गाउँपालिकाको न्यायिक समितिले उजुरीको किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी ऐन, २०७८ मा न्यायिक समितिको सदस्य सचिबका रूपमा तीन सदस्यका अतिरिक्त उजुरी प्रशासक रहने व्यवस्था रहेको साथै उजुरीको प्रकृति अनुसार उजुरी किनारा लगाउन सहयोगका लागि अन्य कर्मचारीलाई बैठकमा आमन्त्रितका रूपमा उपस्थित गराई उपस्थित कर्मचारीलाई नियमानुसार नै बैठक भत्ता उपलब्ध गराइएकाले उक्त रकमको बेरुजु फर्छ्यौट गरी सम्परीक्षणका लागि पेश गर्ने निर्णय गरियो।

१०. सभाध्यक्षज्यूद्वारा सभासमक्ष अनुमोदनका लागि पेश गरिएका देहायका केही विशेष निर्णयहरू सभाद्वारा ध्वनि मतका साथ सर्वसम्मत पारित गरियो।

**देहाय :**

(क.) मिति २०८२ साउन १ देखि आजसम्म गाउँ कार्यपालिकाको बैठक र कार्यालयबाट स्वीकृत एवम् निर्णय भएका विभिन्न नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, पुँजीगत तथा चालु खर्चहरू एवम् सम्पूर्ण प्रशासनिक एवम् आर्थिक निर्णयहरू अनुमोदनका लागि यस सभामा पेश गर्दछु।

(ख.) प्राकृतिक विपत्ती वा सङ्कटकालीन परिस्थितिमा गाउँपालिकाबासीको जीउधन, आधारभूत आवश्यकता, आधारभूत सेवा प्रवाह लगायतका विषयमा गाउँसभाबाट गर्नुपर्ने निर्णय तत्काले गरी निकास निकाल्नुपर्ने भएमा र तत्काल गाउँ सभाको बैठक नबसेको वा बस्न नसक्ने अवस्थामा समेत गाउँपालिकाका अध्यक्षबाट निर्णय गरी कार्यान्वयन गर्न र यसरी निर्णय गरिएको विषय कार्यपालिकाबाट स्वीकृत गराई अनुमोदनको लागि गाउँसभामा पेश गर्ने गरी अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने विषय गाउँसभामा निर्णयार्थ पेश गर्दछु।

ज्ञानेन्द्र भण्डारी
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

CamScanner

दोस्रो गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठक (वि.सं. २०८३/०३/२९ गते सोमवार)

(ग.) गाउँसभाको बैठकमा उपस्थित गाउँसभाका सदस्य, कर्मचारी र सुरक्षाकर्मीलाई सभा सम्पन्न पश्चात कार्यपालिका बैठक सरह बैठक भत्ता उपलब्ध गराउने निर्णय अनुमोदनका लागि यस सभामा पेश गर्दछु।

११. सभाध्यक्षज्यूद्वारा मानेभन्ज्याङ गाउँपालिकाको दोस्रो गाउँसभाको १९ औं अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभा सदस्यहरू, शाखागत कर्मचारीहरू, सुरक्षाकर्मीहरू लगायत सबैमा धन्यवाद ज्ञापन गर्दै यो अधिवेशन अन्त्य भएको घोषणा गरियो।

शलेन्द्र रम्दाली
अध्यक्ष

मानेभन्ज्याङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

CamScanner